वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १५९ | २०८३ असोज २७ गते मंगलबार, नेपाल सम्वत् ११४६ October 13, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



चाडपर्व लक्षित बजार अनुगमन

पर्यटकीय नगरी तनहुँको बन्दीपुर बजारमा अनुगमन गर्दै बन्दीपुर गाउँपालिकाका कर्मचारी तथा अन्य सारोकारवाला निकायका प्रतिनिधिहरू । गाउँपालिका क्षेत्रभित्रका विभिन्न बजार तथा पसलहरु अनुगमनका क्रममा उपभोग्य वस्तुको गुणस्तर, मूल्यसूची, म्याद गुज्रिएका सामग्री, सरसफाइ तथा उपभोक्ता हित संरक्षणसम्बन्धी विषयमा निरीक्षण गरिएको थियो । साथै, व्यवसायीहरूलाई प्रचलित कानुन तथा मापदण्डको पालना गर्दै उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन आग्रह गरिएको छ ।

तस्विर : नारायण खड्का/भञ्ज्याङ

पाँचौंपटक म्याद थप्दा पनि बनेन दमौलीको नमुना पशु अस्पताल

७७ प्रतिशत भौतिक प्रगति, उपकरण थन्किए; ठेकेदारले कामै थालेनन्

भञ्ज्याङ समाचारदाता/दमौली

गण्डकी प्रदेश सरकारको प्राथमिकतामा रहेको तनहुँको दमौलीस्थित नमुना पशु अस्पतालको भवन निर्माण पाँचौंपटक म्याद थप्दासमेत सम्पन्न हुन सकेको छैन। भवन निर्माणमा ढिलाइ हुँदा पशुपालक किसानलाई विशेषज्ञ सेवा दिने उद्देश्यले अघि बढाइएको आयोजना अलपत्रजस्तै बनेको छ । अस्पतालका लागि आवश्यक अत्याधुनिक उपकरण उपलब्ध भइसके पनि भवन नहुँदा सेवा सञ्चालन हुन सकेको छैन ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दमौलीका प्रमुख वरिष्ठ पशु चिकित्सक डा. ऋषिराम सापकोटाका अनुसार भवन निर्माण सम्पन्न गर्ने म्याद आगामी २०८३ चैत ११ गतेसम्म थप गरिएको छ । तर, म्याद थपिए पनि निर्माण व्यवसायीले काम अघि नबढाएको उनले बताए । उनले भने, "म्याद थपिएको छ तर ठेकेदारले बेवास्ता गर्दै काम सुरू गरेका छैनन् ।"

संघीय सरकारले भौतिक प्रगति ५० प्रतिशतभन्दा बढी भएका आयोजनाको म्याद थप गर्न सकिने व्यवस्था गरेपछि निर्माणाधीन भवनको अवधि थपिएको कार्यालयले जनाएको छ। भवनको भौतिक प्रगति ७७ प्रतिशत पुगेको भए पनि लामो समयदेखि निर्माण कार्य रोकिएको छ ।

निर्माण कम्पनीले वि.सं. २०७८ साउन १२ गते २०७९ पुस १२ भित्र भवन निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । निर्धारित समयमा काम पूरा नभएपछि पटकपटक म्याद थपिँदै आएको हो । यसअघि चौथोपटक थपिएको म्याद २०८३ जेठ १० गतेसम्म कायम थियो । उक्त अवधिमा पनि काम सम्पन्न नभएपछि पुनः म्याद थप गरिएको हो ।



भवन निर्माणमा भएको ढिलाइको प्रत्यक्ष असर पशु स्वास्थ्य सेवामा परेको छ । अस्पतालका लागि आवश्यक उपकरण उपलब्ध भएपनि एक्स-रे, शल्यक्रिया तथा प्रयोगशालासहितका सेवा सञ्चालन गर्न नसकिएको कार्यालयले जनाएको छ । भवन अभावकै कारण विशेषज्ञ उपचार सेवा विस्तार गर्ने योजना कार्यान्वयनमा आउन सकेको छैन ।

भ्याटबाहेक चार करोड ९० लाख रूपैयाँ लागतमा निर्माण भइरहेको साढे दुई तले भवनमा आकस्मिक सेवा, शल्यक्रिया, रेडियोलोजी र प्याथोलोजीसहित २३ वटा कोठा रहनेछन् । निर्माण व्यवसायीले सम्झौताअनुसारको रकममध्ये ५५ प्रतिशत भुक्तानी लिइसकेको कार्यालयको भनाइ छ।

प्रदेश सरकारले आवश्यक पूर्वाधार र उपकरणसहित नमुना पशु अस्पताल सञ्चालन गर्ने लक्ष्य राखेको छ । तनहुँसहित लमजुङ, गोरखा र आसपासका क्षेत्रका पशुपालक किसानलाई विशेषज्ञ पशु स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आयोजना अघि बढाइएको हो । अस्पताल सञ्चालनमा आएपछि पशुको जटिल रोगको परीक्षण, उपचार तथा शल्यक्रियाका लागि टाढाका केन्द्रमा जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ ।

तर, निर्माण सम्पन्न हुने मिति पटकपटक सर्दा किसानले पाउने भनिएको सेवा अनिश्चित बनेको छ । तनहुँ र कास्कीमा एकैसाथ निर्माण थालिएका नमुना पशु अस्पतालमध्ये कास्कीको भवन सम्पन्न भई सेवा सञ्चालनमा आइसकेको छ । दमौलीको आयोजना भने पाँचौंपटक म्याद थप्दासमेत पूरा हुन सकेको छैन ।

आयोजनाको ७७ प्रतिशत भौतिक प्रगति देखिए पनि बाँकी काम कहिले सकिन्छ भन्ने स्पष्ट छैन । म्याद थप्ने प्रक्रिया मात्र दोहोरिरहने तर निर्माणस्थलमा काम नहुने अवस्था अन्त्य गर्न सम्बन्धित निकायले निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । उपकरण प्रयोगविहीन राखेर किसानलाई सेवाबाट वञ्चित गरिरहनुभन्दा निर्माणको बाँकी कामलाई समयसीमाभित्र पूरा गराउने र प्रगतिको नियमित अनुगमन गर्ने व्यवस्था आवश्यक छ ।

घरदैलोमै सामाजिक सुरक्षा भत्ता र स्वास्थ्य सेवा

भञ्ज्याङ समाचारदाता/आँबु

तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई घर तथा टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । भत्ता लिन बजारसम्म पुग्नुपर्ने, यातायातमा खर्च गर्नुपर्ने तथा लामो समय लाइनमा बस्नुपर्ने बाध्यता हटाउने उद्देश्यले गाउँपालिकाले घरदैलोमै भत्ता वितरण सुरू गरेको हो ।



गाउँपालिकाका अनुसार यसअघि सामाजिक सुरक्षा भत्ता लिन लाभग्राहीले यातायात खर्च गरेर बजारसम्म पुग्नुपर्ने र भीडभाडमा लामो समय बिताउनुपर्ने अवस्था थियो । ज्येष्ठ नागरिकलाई हुने यस्तो असहजतालाई ध्यानमा राख्दै गाउँपालिकाले जनप्रतिनिधि निर्वाचित भएपछि घरदैलोमै भत्ता वितरण गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार गाउँपालिकाले अहिले पनि विभिन्न वडा तथा टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। पछिल्लो समय भत्ता वितरणसँगै लाभग्राहीको स्वास्थ्य परीक्षण, निःशुल्क औषधि वितरण तथा स्वास्थ्य परामर्शसमेत उपलब्ध गराउन थालिएको छ । एकीकृत सेवाअन्तर्गत गाउँपालिकाले आँबुखैरेनी-६ का हिलेखर्क, जालभञ्ज्याङ, पुरलुङ लगायतका टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरणसँगै स्वास्थ्य सेवा प्रदान गरेको छ।

भत्ता लिनकै लागि टाढा यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै एउटै स्थानमा सामाजिक सुरक्षा र स्वास्थ्यसम्बन्धी सेवा प्राप्त हुँदा ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीलाई सहज भएको गाउँपालिकाले जनाएको छ ।

स्थानीय तहबाट प्रदान गरिने सेवालाई नागरिकको घरदैलोसम्म पुऱ्याउने अभ्यासले सेवा प्राप्तिका क्रममा हुने समय, खर्च र भौतिक कठिनाइ घटाउन सहयोग पुऱ्याउन सक्छ । सामाजिक सुरक्षा भत्तासँगै स्वास्थ्य परीक्षण र औषधि वितरणलाई जोडिएको यस्तो एकीकृत सेवाले विशेषगरी ज्येष्ठ नागरिकलाई स्थानीय तहमै आधारभूत सेवा उपलब्ध गराउने प्रयासलाई बल दिएको छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

पुल पुनर्निर्माणमा ध्यान दिने कि !

बाढीपहिरोले भौतिक संरचनामा क्षति पुऱ्याउनु प्राकृतिक विपद्को परिणाम हो । तर विपद्पछि क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा हुने ढिलाइ र त्यसबाट नागरिकले भोग्नुपर्ने सास्तीलाई सामान्य मान्न सकिँदैन । तनहुँको देवघाट गाउँपालिका-२ खाल्टे र नवलपुरको बुलिङटार गाउँपालिका-१ जोड्ने कालीगण्डकी नदीमाथिको झोलुङ्गे पुल क्षतिग्रस्त भएपछि स्थानीयले भोगिरहेको समस्या यसको उदाहरण हो । असोज ९ देखि ११ गतेसम्मको अविरल वर्षापछि नदीमा बढेको बहावले पुलमा क्षति पुऱ्याएसँगै स्थानीयको आवतजावत प्रभावित भएको छ । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाका अनुसार वैकल्पिक बाटो प्रयोग गर्दा एक घण्टाभन्दा बढी घुम्नुपर्ने बाध्यता छ । पुलले दुई किनारका बस्तीलाई मात्र जोड्दैन, शिक्षा, स्वास्थ्य, व्यापार र रोजगारीमा पहुँच पनि सहज बनाउँछ । यसको क्षतिले विद्यार्थी, बिरामी, किसान र दैनिक कामका लागि ओहोरदोहोर गर्ने नागरिक प्रभावित हुन्छन् । त्यसैले खाल्टे-बुलिङटार पुलको समस्या एउटा संरचनाको क्षतिमा सीमित छैन, यो स्थानीयको दैनिकी र आर्थिक गतिविधिसँग जोडिएको विषय हो ।

बाढीले क्षति पुऱ्याएका संरचनाको पुनर्निर्माणमा प्राविधिक परीक्षण, लागत अनुमान र बजेट व्यवस्थापन आवश्यक हुन्छ । तर यी प्रक्रिया कति समयभित्र पूरा हुन्छन् भन्ने स्पष्टता नहुँदा प्रभावित नागरिक अन्योलमा पर्छन् । पुल मर्मत गरेर सञ्चालन गर्न सकिन्छ वा नयाँ निर्माण गर्नुपर्छ, त्यसका लागि कति बजेट चाहिन्छ र काम कहिले सुरू हुन्छ भन्ने जानकारी सम्बन्धित निकायले सार्वजनिक गर्नुपर्छ । प्रक्रियागत जटिलता देखाएर अनिश्चितकालसम्म काम रोकिराख्नु उचित हुँदैन । बाढीबाट क्षतिग्रस्त तनहुँका सार्वजनिक संरचनाको पुनर्निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित निकायमा सिफारिस गरेको विवरण सार्वजनिक भएको छ । खाल्टे-बुलिङटार झोलुङ्गे पुल पनि क्षतिग्रस्त संरचनाको सूचीमा परेको छ । सिफारिस हुनु सकारात्मक भए पनि त्यसलाई निर्माण कार्यमा परिणत गर्नु मुख्य चुनौती हो । अब कुन निकायले जिम्मेवारी लिने, बजेट कहाँबाट जुटाउने र निर्माण कहिले सुरू गर्ने भन्ने विषयमा स्पष्ट निर्णय आवश्यक छ ।

यस सन्दर्भमा तनहुँबाट निर्वाचित अर्थमन्त्री स्वर्णिम वाग्लेको भूमिका पनि चासोको विषय हो । अर्थमन्त्रीको जिम्मेवारी राष्ट्रिय आर्थिक नीति, बजेट र स्रोत परिचालनसँग सम्बन्धित भएकाले आवश्यक बजेट व्यवस्थाका लागि पहल गर्नु तथा सम्बन्धित निकायबीच समन्वय गराउनु उपयोगी हुन सक्छ । तर पुनर्निर्माणको कार्यान्वयन सम्बन्धित सरकारी निकायको जिम्मेवारी र कानुनी प्रक्रियाअनुसार नै अघि बढ्नुपर्छ । अर्थमन्त्रीको पहल होस् वा अन्य जनप्रतिनिधिको सक्रियता, त्यसको मूल्याङ्कन नागरिकले पाउने परिणामबाट हुनुपर्छ । निर्वाचित प्रतिनिधिको जिम्मेवारी निर्वाचनका बेला गरिएका प्रतिबद्धतामा मात्र सीमित हुँदैन। नागरिक समस्यामा पर्दा उनीहरुको अवस्था बुझ्ने, सम्बन्धित निकायको ध्यानाकर्षण गराउने र समाधानको प्रगतिबारे जानकारी दिने काम पनि उत्तिकै महत्वपूर्ण हुन्छ। स्थानीय तह, जिल्ला प्रशासन, प्राविधिक कार्यालय र बजेट उपलब्ध गराउने निकायले आ-आफ्नो जिम्मेवारी पूरा गरेमा पुनर्निर्माण प्रक्रियालाई गति दिन सकिन्छ ।

स्थायी समाधान नआउँदासम्म सुरक्षित वैकल्पिक आवागमनको व्यवस्था मिलाउनु पनि उत्तिकै आवश्यक छ । क्षतिग्रस्त पुलको प्राविधिक परीक्षण गरी तत्काल गर्न सकिने मर्मतको सम्भावना पहिचान गर्नुपर्छ । साथै, पुनर्निर्माणको समयसीमा निर्धारण गरी कामको नियमित अनुगमन गर्नुपर्छ । खाल्टेका नागरिकलाई राजनीतिक आरोप-प्रत्यारोप होइन, सुरक्षित र सहज आवागमन चाहिएको छ । त्यसैले सम्बन्धित निकायले क्षतिको अवस्था, बजेट व्यवस्थापन र निर्माण योजनाबारे स्पष्ट जानकारी दिँदै काम अघि बढाउनुपर्छ । विपद्पछिको पुनर्निर्माणको सफलता प्रतिवेदन र आश्वासनमा होइन, नागरिकले कति छिटो राहत पाए भन्ने कुरामा निर्भर हुन्छ । कालीगण्डकीमाथिको पुल पुनर्निर्माणमा अब थप ढिलाइ नगरी खाल्टे र बुलिङटारका बासिन्दाको आवागमन सहज बनाउनु नै सम्बन्धित निकायको प्राथमिक दायित्व हो ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

शिशाघाट क्षेत्रको इतिहास, लोकसंस्कृति र सम्पदा



१. प्रस्तावनाः भौगोलिक अवस्थिति, द्रोणी पारिस्थिति र नामकरण

१.१ भौगोलिक अवस्थिति र नदीतटीय द्रोणी पारिस्थिति

गण्डकी प्रदेश अन्तर्गत तनहुँ जिल्लाको पूर्व-दक्षिण भागमा अवस्थित शिशाघाट उपत्यका मध्यपहाडी भू-परिस्थिति र नदीतटीय सभ्यताको एक नमुना हो। मध्यपहाडी पर्वत शृत्तलाहरूले घेरेर निर्मित यो उपत्यका मादी नदीको जलप्रवाह र त्यसले जमाएको लेदोयुक्त पाङ्रो माटोबाट निर्मित अत्यन्त उर्वर बँसी हो। यस क्षेत्रले तनहुँ, लमजुङ र कास्की गरी तीन जिल्लाको भू-रणनीतिक संगमका रूपमा प्रादेशिक सञ्चार, व्यापार र सांस्कृतिक आदानप्रदानमा प्राकृतिक कोरिडोरको भूमिका निर्वाह गर्दै आएको छ ।

शिशाघाट उपत्यकाका ३ मुख्य भौगोलिक विशेषताहरू निम्न अनुसार रहेका छन् :

♦ **भू-रणनीतिक संगमः** तनहुँ, लमजुङ र कास्की जिल्लाको प्राकृतिक तथा प्रशासनिक सीमा रेखामा अवस्थित रही तीनवटै क्षेत्रको व्यापारिक, प्रशासनिक र सांस्कृतिक सञ्जाललाई जोड्ने साझा मध्यविन्दु।

♦ **कचौरा आकारको द्रोणी र समथर फाँटः** चारैतर्फबाट उकासिने पहाडी टाकुराहरूको मध्यभागमा मादी नदी र अन्य सहायक खोलाहरूले निर्माण गरेको कचौरा आकारको उर्वर, सम्म परेको तटीय बँसी तथा टार क्षेत्र।

♦ **नदीतटीय जल-पारिस्थितिकी र कृषि-जलवायु अनुकूलताः** मादी नदीको निरन्तर प्रवाहले ल्याउने खनिजयुक्त पाङ्रो माटोका कारण उच्च कृषि उत्पादकत्व, सघन मानव बस्ती र अन्तर-क्षेत्रीय आवागमनका लागि अनुकूल प्राकृतिक वातावरण ।

१.२ 'शिशाघाट' नामको व्युत्पत्ति र सिद्धान्तहरू

'शिशाघाट' नामकरण कसरी भयो भन्ने सम्बन्धमा स्थानीय जनश्रुति, परम्परागत अनुभव र मौखिक व्याख्याका रूपमा दुई मुख्य सिद्धान्तहरू वा अभिमतहरू अगाडि सारिएको पाईन्छ :

♦ **चम्किलो धातु/खनिज र प्राकृतिक शिलासम्बन्धी सिद्धान्तः** मादी नदीको तट र फेदमा पाइने टल्कने खनिज कण, चम्किलो धातुयुक्त बालुवा वा 'शिशा' जस्तै देखिने पारदर्शी शिला/माटोका कणहरूको बाहुल्य रहेकाले यस घाटलाई 'शिशाघाट' भनिएको जनश्रुति पाइन्छ।

♦ **व्यापारी तथा बटुवाहरूको अनुभवसम्बन्धी सिद्धान्तः** परम्परागत पैदल मार्ग र व्यापारिक कोरिडोरमा यात्रा गर्ने गोश्वारा हुलाकी, व्यापारी र पैदल यात्रीहरूले यात्राको संकेत चिह्नका रूपमा "शिशा पाइने घाट" भनी नामकरण गरेको र कालान्तरमा सोही बोलीचालीको आधारमा यो नाम संस्थागत भएको मानिन्छ।

२. बाइसे-चौबिसे राज्यकालका कोट-किल्ला र राणाकालीन प्रशासनिक संरचना

२.१ बाइसे-चौबिसे राज्यकाल र सामरिक कोट-किल्लाहरू

बाइसे-चौबिसे राज्यकालमा गण्डकी क्षेत्रका लमजुङ, तनहुँ र कास्की राज्यहरूको सीमा सुरक्षा, सैनिक गस्ती र व्यापारिक मार्ग निगरानीका लागि शिशाघाट र यसका आसपासका उच्च डाँडाहरू सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्थे ।

क्रम संख्या	कोट/क्षेत्रको नाम	भौगोलिक अवस्थिति	सामरिक तथा व्यापारिक भूमिका
१	**गलेखामकोट**	शिशाघाट नजिकैको उच्च डाँडो	सेनकालीन तथा चौबिसी राज्यको सैन्य रणनीतिको मुख्य आधार; उच्च टाकुराबाट टाढासम्म अनुगमन गर्न सकिने सुरक्षा किल्ला।
२	**क्यामिन क्षेत्र**	तनहुँ जिल्ला	प्राचीन पदमार्ग, चौतारी र बस्तीहरुसहितको ऐतिहासिक प्रशासनिक एवं सांस्कृतिक संरचना।
३	**सूर्यपाल**	लमजुङ	पुरानो वास्तुकलाका अवशेष पाइने ठाउँ; क्षेत्रीय राजनीतिक गतिविधि र सुरक्षा विन्दु।
४	**रम्घा**	लमजुङ	उच्च रणनीतिक स्थान; बाइसे-चौबिसे कालको महत्त्वपूर्ण सुरक्षा र चौतारी सभ्यता।
५	**भोर्लेटार**	लमजुङ	उत्तर-दक्षिण व्यापार मार्गको स्पष्ट चित्र प्रस्तुत गर्ने सम्म परेको टार क्षेत्र।
६	**पोखरा**	कास्की	पश्चिमतर्फको क्षेत्रीय आर्थिक सञ्जाल र व्यापारिक विनिमयको मुख्य बजार आधार।
७	**सिद्ध क्षेत्र**	कास्की/तनहुँ सीमा	आध्यात्मिक, सांस्कृतिक तथा उच्च डाँडाबाट शिशाघाट द्रोणी अनुगमन गर्ने सामरिक टाकुरा।

२.२ राणाकालीन प्रशासनिक नियन्त्रण र जिम्वाल/मुखिया प्रथा

राणा शासनकालमा पूर्ववर्ती बाइसे-चौबिसे कालका सामरिक सुरक्षा विन्दुहरूलाई काठमाडौंको केन्द्रीकृत राज्य संयन्त्रले भू-राजस्व असुलीका प्रशासनिक अङ्गमा रूपान्तरण गऱ्यो। कर असुली, जग्गा व्यवस्थापन र स्थानीय नियन्त्रणका लागि जिम्वाल र मुखिया प्रथा लागू गरियो।

सामन्ती भू-राजस्व व्यवस्थाले स्थानीय सर्वसाधारणमाथि आर्थिक दायित्व सिर्जना गरे तापनि त्रि-जिल्ला संगमका रूपमा रहेको शिशाघाटको सामाजिक गतिशीलता र अन्तर-सांस्कृतिक अन्तरसम्बन्धलाई यसले पूर्ण रूपमा रोक्न सकेन। स्थानीय मालपोत अभिलेख, सरकारी आदेश र मौखिक इतिहासको सन्तुलित अध्ययनद्वारा यस प्रथाको वास्तविक प्रभाव मूल्याङ्कन गर्न सकिन्छ ।

३. ऐतिहासिक सञ्चार र व्यापारको धमनीः हुलाकी मार्ग र हुलाकी चोक

३.१ हुलाकी मार्ग र परम्परागत जन-इन्जिनियरिङ

तराई र पहाड जोड्ने, सरकारी खरिता (पत्र), लालमोहर र समाचार ओसारपसार गर्ने परम्परागत सूचना-सञ्जालका रूपमा 'हुलाकी मार्ग' सञ्चालित थियो। यस मार्गमा पैदल हिँड्ने गोश्वारा हुलाकी र व्यापारीहरूका लागि शिशाघाट उपत्यका एक अपरिहार्य मध्यबिन्दु बनेको मानिन्छ ।

भिरालो पहाडी धरातलमा कुँदिएका ढुङ्गाका सिँढीहरू, हुलाकी र व्यापारीहरूलाई ओत लाग्न निर्मित पाटी-पौवाहरू, र थकाइ मेटाउन बर-पिपल रोपिएका चौतारीहरू तत्कालीन जन-इन्जिनियरिङ र स्थापत्य कलाका

— बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ।

वृष
पहिलेको सफलताले नयाँ अवसर दिलाउन सक्छ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ।

मिथुन
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् ।

कर्कट
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ।

सिंह
मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।

कन्या
शुभचिन्तकहरुले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ।

तुला
सेवामूलक कामबाट धनलाभ हुनेछ। प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

वृश्चिक
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ।

धनु
फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरूजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

मकर
बेसुरमा दिएको वचनले आफैँलाई अप्ठ्यारो पर्न सक्छ। महत्वाकांक्षी योजना गोप्य राख्नुहोला।

कुम्भ
आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्। ठगीमा परिने योग भएकाले होसियार रहनुहोला।

मीन
वैधानिक प्रावधानले पनि काम रोकिन सक्छ। फाइदाका लागि गोपनीयतामा ध्यान पुर्याउनुहोला।

शिशाघाट क्षेत्रको इतिहास, ...

उत्कृष्ट दृष्टान्त हुन् ।

३.२ 'हुलाकी चोक'को सामाजिक र व्यापारिक गतिविधि

हुलाकी मार्गको मुख्य विन्दु मानिने 'हुलाकी चोक' मा परम्परागत रूपमा निम्न ३ मुख्य सामाजिक-आर्थिक गतिविधिहरू हुन्थे :

♦ **व्यापारिक वस्तु-विनिमय:** तराई र फेदीबाट भरियाले बोकेर ल्याएका वस्तुहरू (नुन, तेल, कपडा) र पहाडी क्षेत्रमा उत्पादित उपजहरू (घिउ, खाद्यान्न) को कारोबार तथा प्रत्यक्ष विनिमय। कालक्रम अनुसार आयातित वस्तुहरूको स्वरूप परिवर्तन हुँदै गएको र आधुनिक मट्टितेल जस्ता इन्धनका सामग्रीहरूको प्रवेश पछिल्ला ऐतिहासिक कालखण्डमा मात्र भएको विषयलाई व्यापारिक इतिहासमा ध्यान दिनु आवश्यक छ ।

♦ **सूचनाको सामाजिक सञ्जाल :** देश-दुनियाँका समाचार, सरकारी सूचना र जनजीविकाका सुख-दुःख आदानप्रदान गर्ने मुख्य सञ्चार केन्द्र ।

♦ **सांस्कृतिक सम्मिश्रण:** विभिन्न क्षेत्रका मानिसहरू भेला भई चौतारी र पाटीमा पञ्चेबाजा, ख्याली र लोकभाकाहरूको सांगीतिक साटासाट गर्ने भेटघाट थलो ।

४. जनसांख्यिक बनोट, जातीय इतिहास र बहुसांस्कृतिक सहअस्तित्व

४.१ दुरा जातिको सभ्यता र ऐतिहासिक कोटहरू

आदिवासी दुरा जातिको ऐतिहासिक उद्गम र सांस्कृतिक पहिचान लमजुङ र तनहुँको सीमावर्ती डाँडाहरूमा रहेका ऐतिहासिक कोटहरूसँग प्रत्यक्ष जोडिएको छ। दुरा समुदायको सभ्यता विकासमा निम्न ५ ऐतिहासिक स्थलहरूको भूमिका मुख्य रहेको पाइन्छ :

♦ **दुराडाँडा:** दुरा समुदायको ऐतिहासिक मूल थलोका रूपमा परिचित सामाजिक-सांस्कृतिक केन्द्र ।

♦ **तुरूङकोट (दुरूङकोट):** दुरा समुदायको ऐतिहासिक पहिचान, वीरता, पराक्रम र प्राचीन राज्य सञ्चालनसँग सम्बन्धित प्रमुख सामरिक कोट ।

♦ **सिन्दुरे:** दुरा समुदायको पुर्खाको उपस्थिति र ऐतिहासिक राज्य संरचनासँग जोडिएको अर्को महत्त्वपूर्ण कोट।

♦ **नेटा:** दुरा समुदायको परम्परागत बसोबास, सांस्कृतिक भूगोल र ऐतिहासिक पहिचानसँग अभिन्न रूपमा जोडिएको उच्च पहाडी विन्दु ।

♦ **बर्दनकोट :** शिशाघाटको तटीय र बँसी सभ्यतालाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने रणनीतिक तथा सांस्कृतिक स्थल ।

डाँडाकाँडाका कोटहरूमा बसोबास गर्दै आएका दुरा समुदाय कालान्तरमा कृषि, व्यापार र भौगोलिक अनुकूलताका आधारमा शिशाघाट उपत्यका तथा बँसीतर्फ झरेर बसोबास गर्न थालेका हुन्। यस समुदायको मौलिक भाषा, कुलपूजा, रीतिरिवाज र सामाजिक संरचनाको अभिलेखीकरण सांस्कृतिक संरक्षणका लागि अपरिहार्य छ ।

४.२ मुस्लिम समुदायको आगमन र धार्मिक सहिष्णुता

शिशाघाट उपत्यकामा मुस्लिम समुदायको बसोबास र योगदान बहुसांस्कृतिक इतिहासको अर्को महत्त्वपूर्ण पाटो हो:

♦ **आगमन र परम्परागत पेसा:** हुलाकी मार्ग र हाटबजारको व्यापारिक गतिशीलताका कारण यस क्षेत्रमा मुस्लिम परिवारहरूको आगमन भएको एक बलियो स्थानीय अनुमान रहे तापनि यसको निश्चित ऐतिहासिक समय र कारक पुष्टि गर्न थप अभिलेखीय प्रमाण आवश्यक छ। उनीहरू मुख्य रूपमा व्यापार, चुरा-पोते, हस्तकला र हाटबजार सञ्चालनमा आबद्ध रहँदै आएका छन्।

♦ **धार्मिक सहिष्णुता:** पहाडी हिन्दू समाजको बाहुल्य रहेका ठाउँमा मुस्लिम समुदायको उपस्थितिले सदियौंदेखि सामाजिक सद्भाव, भाइचारा र धार्मिक सहिष्णुताको अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ।

५. जल-सभ्यता र कृषि प्रणाली: पाटने-लटारदी फाँट र परम्परागत कुलो/नहर

५.१ पाटने-लटारदी फाँट र परम्परागत सिचाई

शिशाघाटको दिगो बसोबास र कृषिको आधार मादी नदीले ल्याएको लेदोयुक्त पाङ्रो माटोबाट बनेका पाटने-लटारदी (पाटने-लटारदी) फाँटहरू हुन्। यी फाँटहरूलाई सिञ्चित गर्न मादी नदी र सहायक खोलाहरूबाट पानी मोड्ने निर्माण गरिएका परम्परागत कुलो तथा नहरहरू रहेका छन्। यस प्रणालीले नदीको खनिजयुक्त जल खेतका पाटासम्म पुऱ्याई माटोको उर्वरता कायम राख्न मद्दत पुऱ्याएको छ।

५.२ सामुदायिक जल व्यवस्थापनका ३ मुख्य खम्बा

परम्परागत सिँचाइ र कुलो सञ्चालन कार्य निम्न ३ सामुदायिक-प्राविधिक आधारहरूमा आधारित छ:

♦ **श्रमदान (सामूहिक श्रम शक्ति):** नहर खन्न, पहरा फुटाउन र नदीको बहाव फर्काउनका लागि सिङ्गो समुदाय संगठित रूपमा परिचालन हुने सामूहिक परम्परा ।

♦ **पैंचो र पर्म प्रथा:** कृषि चक्र र नहर मर्मतसम्भारका लागि आपसमा श्रम साटासाट गर्ने सामाजिक सहकार्य।

♦ **परम्परागत जल बाँडफाँडका नियम:** कुलोबाट पानीको आलोपालो मिलाउने, समतामूलक वितरण गर्ने र विवाद समाधानका लागि बनाइएका निष्पक्ष सामुदायिक नियमहरू ।

६.शैक्षिक चेतना र महेन्द्रज्योति माध्यमिक विद्यालय

६.१ गुरूकुल परम्पराबाट आधुनिक शिक्षातर्फको रूपान्तरण

शिशाघाट क्षेत्रमा शैक्षिक चेतनाको विकासक्रम धार्मिक पीठ र गुरूकुल परम्पराको साक्षरताबाट आधुनिक औपचारिक शिक्षातर्फ रूपान्तरित भएको हो । विगतमा औपचारिक विद्यालयको अभावमा भोन्गुपरेको साक्षरताको कठिन परिस्थितिलाई अन्त्य गर्न स्थानीय अग्रज, चन्दादाता र समाजसेवीहरूले जग्गादान गर्ने, चन्दा संकलन गर्ने र सामूहिक श्रमदानमार्फत कच्ची भवन निर्माण गरी आधुनिक शिक्षाको जग बसाले।

६.२ महेन्द्रज्योति माध्यमिक विद्यालयको योगदान

स्थानीय अग्रजहरूको प्रयासमा स्थापित महेन्द्रज्योति माध्यमिक विद्यालयले तनहुँ, लमजुङ र कास्की गरी तीनवटै जिल्लाका विद्यार्थीहरूलाई शैक्षिक सेवा प्रदान गऱ्यो । यस विद्यालयबाट उत्पादित पूर्वविद्यार्थीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न नेतृत्वदायी भूमिका निर्वाह गर्दै सामाजिक र प्रशासनिक क्षेत्रमा योगदान पुऱ्याएका छन् ।

७. धार्मिक आस्था, मेला-पर्व र अमूर्त लोककला सम्पदा

७.१ धार्मिक स्थलहरू र चैते दशैं मेला

♦ **सुन्दरीदेवी मन्दिर:** शिशाघाट क्षेत्रकी पूजित देवीका रूपमा स्थापित यस मन्दिरमा निष्ठापूर्वक पूजा गर्नाले मनोकाङ्क्षा पूरा हुने र प्राकृतिक विपत्तिबाट रक्षा हुने धार्मिक आस्था र जनविश्वास रहिआएको छ ।

♦ **दुर्गा मन्दिर र चैते दशैं मेला:** दुर्गा मन्दिर परिसरमा बर्सेनि आयोजना हुने 'चैते दशैं मेला' यस क्षेत्रको प्रमुख सांस्कृतिक उत्सव हो। यस मेलामा तनहुँ, लमजुङ र कास्कीका मानिसहरू भेला भई कृषि उपज तथा हस्तकलाको व्यापार गर्ने, रोटेपिङ/लिङ्गेपिङ खेल्ने र सामाजिक-सांस्कृतिक पुनर्मिलन गर्ने गर्दछन् ।

७.२ अमूर्त लोककला: ठाडो भाका र बाल नृत्यको तुलनात्मक अध्ययन

मूल्याङ्कन सूचक	ठाडो भाका	बाल नृत्य
१. उत्पत्ति र प्रकृति	लमजुङ र तनहुँको सीमावर्ती डाँडाकाँडा; अकृत्रिम सांगीतिक सञ्चार।	धार्मिक जात्रा तथा मन्दिर अनुष्ठान; परम्परागत लोक-नाट्य एवं नृत्य।
२. सांगीतिक/ कलात्मक विशेषता	वाद्यवादनविना वा न्यूनतम बाजासहित उच्च र स्पष्ट ठाडो स्वरमा गाइने युगल/सामूहिक गायन।	पौराणिक कथा, देवीगाथा र धार्मिक प्रसङ्गमा आधारित अभिनय, भेषभूषा र नृत्य।
३. प्रस्तुति सन्दर्भ	हुलाकी चोक, चौतारी, मेला-पर्व (चैते दशैं) र ठकाली-ओरालीहरुमा।	चैते दशैं, दुर्गा पूजा र धार्मिक उत्सवका मञ्चहरुमा।
४. पुस्तान्तरण र भूमिका	डाँडाकाँडाको जीवन सङ्घर्ष, प्रेम र व्यथा पोख्ने अमूर्त सांगीतिक दस्तावेज।	नयाँ पुस्तालाई धार्मिक संस्कार, भेषभूषा र अभिनय कला हस्तान्तरण गर्ने माध्यम।

७.३ ठाडो भाकाको मानवशास्त्रीय विश्लेषण

मानवशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा 'ठाडो भाका' केवल मनोरञ्जनको गीत मात्र होइन; यो त माइक वा आधुनिक ध्वनि-यन्त्र नभएको युगमा अग्ला पहाडी टाकुराहरू (कोट/टार)बाट बँसीसम्म ध्वनित गरिने अकृत्रिम, ध्वन्यात्मक सांगीतिक सञ्चार हो। ठाडो भाका लमजुङ तथा आसपासका क्षेत्रको विशिष्ट लोकसांगीतिक परम्परा हो। यसले स्थानीय जनजीवन, प्रेम, श्रम, सामाजिक सम्बन्ध र सामुदायिक अनुभवलाई अभिव्यक्त गर्दै आएको छ। पहाडी भूगोलमा उच्च स्वरमा गरिने गायनले टाढासम्म सुनिने सम्भावना भए पनि यस भाकाको प्रयोग औपचारिक सूचना-सञ्चार प्रणालीका रूपमा प्रयोगका साथै दुरा र अन्य स्थानीय समुदायले आफ्ना जीवन-संघर्ष, कठिन श्रम-साधना, पीडा र प्रेमका अनुभूतिहरूलाई यसै भाकामार्फत पुस्तान्तरण गर्दै आएका छन् ।

८. प्राकृतिक सम्पदा, भौगोलिक चमत्कार र समय-सूचक स्थलहरू

८.१ हात्ती गैर र रहस्यमयी गुफाहरू

♦ **हात्ती गैर (हात्ती ढुङ्गा):** मादी नदी किनार र पहाडी काखमा सुँड उठाएर हात्ती बसिरहेको जस्तो देखिने प्राकृतिक चट्टानहरू हुन्, जसलाई लिएर स्थानीय तहमा विभिन्न पौराणिक किंवदन्ती तथा धार्मिक जनश्रुतिहरू प्रचलनमा छन्।

♦ **रहस्यमयी गुफाहरू:** शिशाघाट वरपरका पहाडहरूमा रहेका प्राकृतिक गुफाहरू बाइसे-चौबिसे कालका सैन्य द्वन्द्व वा संकटका समयमा सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग भएका थिए भन्ने स्थानीय मौखिक परम्परा पाइन्छ। यद्यपि यसको पुरातात्त्विक पुष्टि हुन बाँकी छ ।

८.२ साँझको डाँडो र सिद्ध क्षेत्र

♦ **साँझको डाँडो:** यो टाकुरा उपत्यकाको यस्तो भौगोलिक उँचाइमा छ जहाँ दिन ढल्दै जाँदा सूर्यको अन्तिम किरण सबभन्दा ढिलासम्म पर्दछ । घडीको प्रयोग नहुँदाका बखत गोठाला र बटुवाहरूले यस डाँडामा पर्ने घामको छायाका आधारमा समय मापन गर्दथे भन्ने जनश्रुति स्थानीय इतिहासमा उल्लेख छ।

♦ **सिद्ध फैचोक क्षेत्र:** सिद्ध क्षेत्रसँग जोडिएको यो डाँडो सामरिक अनुगमन तथा आध्यात्मिक चितनको केन्द्रका रूपमा रहेको छ, जहाँबाट सम्पूर्ण शिशाघाट द्रोणी, पाटने-लटारदी फाँट र मादी नदीको अवलोकन गर्न सकिन्छ।

९. सम्पदा संरक्षणका चुनौती र भावी कार्यदिशा

९.१ 'खुला संग्रहालय'को अवधारणा

शिशाघाटको ऐतिहासिक हुलाकी मार्ग, बहुसांस्कृतिक सहअस्तित्व, जल-इन्जिनियरिङ, शैक्षिक इतिहास, धार्मिक आस्था र अमूर्त लोककलाको समग्र स्वरूपलाई दृष्टिगत गरी यस क्षेत्रलाई मध्यपहाडी सभ्यताको एक 'खुला संग्रहालय' को रूपमा प्रवर्धन गर्ने रूपकीय अवधारणा अघि सार्न सकिन्छ।

९.२ संरक्षणका ३ प्रमुख चुनौतीहरू

♦ **बसाइँसराइ र वैदेशिक रोजगार:** तीव्र वैदेशिक रोजगार र बसाइँसराइले गर्दा परम्परागत ज्ञान, सीप र लोककला नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्नु।

♦ **भौतिक संरचनाको जीर्णता:** ऐतिहासिक कोट, किल्ला, पाटी-पौवा र हुलाकी मार्गका भौतिक अवशेषहरू मर्मतसम्भारको अभावमा जीर्ण बन्दै जानु।

♦ **अभिलेखको कमी:** मौखिक इतिहास, स्थाननाम र परम्परागत जल बाँडफाँडका नियमहरू लिखित रूपमा दर्ता नहुनु ।

१०. निष्कर्ष

शिशाघाट क्षेत्र नदीतटीय परिस्थितिको, परम्परागत जल-इन्जिनियरिङ, बहुसांस्कृतिक बनोट र अमूर्त लोकसंस्कृतिको एक महत्त्वपूर्ण संगमस्थल हो। यस क्षेत्रको इतिहास र सम्पदाको प्रवर्धन गर्दा मौखिक जनश्रुति र प्रमाणित लिखित तथ्यहरू बीच स्पष्ट सीमा रेखा कोरिनु पर्दछ। जनश्रुतिको सम्मान र वैज्ञानिक अनुसन्धानको संयोजनले मात्र शिशाघाटको इतिहासलाई भावी पुस्ताका लागि प्रामाणिक र उपयोगी रूपमा सुरक्षित राख्न सकिनेछ ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कार्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।


नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



बन्दीपुरको चिनो : पर्यटकीय नगरी तनहुँको बन्दीपुर घुम्न आएका आन्तरिक पर्यटक नेवार समुदायको पहिचान झल्कने पोशकमा तस्विर खिचाउँदै । बन्दीपुर घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरू विभिन्न समुदायको पहिचान झल्कने भेषभूषा सजिएर तस्विर तथा भिडियो खिच्न आकर्षित हुँदा यसले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

बूढीगण्डकीको बाढीले उत्तरी गोरखाका हजारौं घर अन्धकारमा

भञ्ज्याङ समाचारदाता/गोरखा

बूढीगण्डकी नदीमा आएको बाढीले जलविद्युत् तथा विद्युत् वितरण संरचनामा क्षति पुऱ्याएपछि उत्तरी गोरखाका हजारौँ घरधुरी विद्युत् सेवाबाट वञ्चित भएका छन् । बाढीका कारण चुमनुब्री, धार्चे र आरूघाट गाउँपालिकाका बस्तीमा विद्युत् आपूर्ति अवरूद्ध हुँदा स्थानीयको दैनिकीसँगै सार्वजनिक सेवा प्रवाहसमेत प्रभावित भएको छ ।

चुमनुब्री गाउँपालिका-३ र ६ मा विद्युत् आपूर्ति गर्दै आएको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनामा बाढीले क्षति पुऱ्याएपछि त्यस क्षेत्रका बस्ती अन्धकारमा परेका हुन् । आयोजनाका अध्यक्ष सुजन गुरूङका अनुसार आइतबार मध्यरातदेखि आएको बाढीले विद्युत् प्रसारणका संरचना बगाउँदा सेवा अवरूद्ध भएको हो ।

बाढीले विद्युत्का १२ वटा पोल, एउटा टावर र तार बगाएको छ। आयोजनाको पावर हाउस भने सुरक्षित रहेको अध्यक्ष गुरूङले जानकारी दिए। विद्युत् आपूर्ति बन्द हुँदा चुमनुब्रीका लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आङ्ग्रा, सर्स्युँ, नाम्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन र सिर्दिबास लगायतका बस्ती प्रभावित भएका छन् । आयोजनाको विवरणअनुसार यी क्षेत्रमा ९७१ घरधुरीले विद्युत् सुविधा गुमाएका छन् ।

विद्युत् र इन्टरनेट सेवा बन्द भएपछि चुमनुब्री गाउँपालिकाको प्रशासनिक कामकाजसमेत प्रभावित बनेको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले बताए । सरकारी कार्यालयसँगै निजी संघसंस्था र स्थानीय नागरिकलाई पनि दैनिक कामकाज सञ्चालन गर्न कठिनाइ भएको छ ।

बाढीले सडक र पुलमा समेत क्षति पुऱ्याएकाले प्रभावित बस्तीबीचको आवागमन सहज हुन सकेको छैन । चुमनुब्री गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुमारी गुरूङका अनुसार फिलिमबाट माथिल्लो र तल्लो



क्षेत्रतर्फ आवतजावत गर्नसमेत समस्या भएको छ ।

उनले भने, "बाढीले पुल र बाटो सबै बगाएको छ। एक गाउँबाट अर्को गाउँ जान सक्ने अवस्था छैन । त्यसमाथि बिजुली नहुँदा पूरै क्षेत्र अन्धकार बनेको छ ।" उत्तरी गोरखाका अधिकांश बस्तीमा विद्युत् र इन्टरनेटको समस्या रहेको उनले बताए । बाढीबाट मानवीय क्षति नभए पनि भौतिक संरचना नष्ट हुँदा स्थानीयको जनजीवन कष्टकर बनेको छ ।

धार्चे गाउँपालिकामा पनि विद्युत् सेवा अवरूद्ध हुँदा ठूलो संख्यामा उपभोक्ता प्रभावित भएका छन् । गाउँपालिकाका सातवटै वडाका करिब चार हजार घरधुरी विद्युत्विहीन बनेको प्रमुख प्रशासकीय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिए ।

नेपाल विद्युत् प्राधिकरणको आरूघाटस्थित वितरण केन्द्रमा बाढीले क्षति पुऱ्याएपछि धार्चे क्षेत्रमा विद्युत् आपूर्ति प्रभावित भएको उनले बताए । बाढीले विद्युत् र सञ्चार संरचनाका साथै सडक तथा पुलमा समेत क्षति पुऱ्याएकाले सेवा पुनः सञ्चालन गर्न चुनौती थपिएको छ ।

यस्तै, आरूघाट गाउँपालिकामा पनि विद्युत् आपूर्ति अवरूद्ध भएको छ । गाउँपालिकाका अध्यक्ष राजु गुरूङका अनुसार वडा नं. ५ स्थित शान्ति बजार क्षेत्रका ५० घरधुरीमा विद्युत् सेवा बन्द भएको छ ।

बाढीबाट विद्युत् उत्पादन तथा वितरण प्रणालीमा पुगेको क्षतिले उत्तरी गोरखाका दुर्गम बस्तीको जनजीवन थप कठिन बनेको छ । विद्युत् र सञ्चार सेवाको अभावमा सरकारी कामकाज, सूचना आदानप्रदान तथा दैनिक गतिविधि प्रभावित भइरहेका छन् । सडक र पुलसमेत क्षतिग्रस्त भएकाले मर्मत तथा पुनःस्थापनाका लागि आवश्यक प्राविधिक जनशक्ति र सामग्री प्रभावित क्षेत्रमा पुऱ्याउन पनि कठिनाइ हुन सक्ने देखिएको छ ।

विद्युत् सेवा पुनः सञ्चालन गर्न क्षतिग्रस्त संरचनाको शीघ्र मर्मत, वैकल्पिक सञ्चार व्यवस्था र दुर्गम बस्तीमा आवश्यक सहयोग पुऱ्याउन सम्बन्धित निकायको समन्वय आवश्यक देखिएको छ ।

facebook twitter



Deepak Raj Joshi
x.com/kapeed

अनैतिक व्यवहारविनाको राजनीति अपेक्षा गर्नु भनेको चिनीबिनाको जेरी र क्याफिनबिनाको कफी खोज्नुजस्तै भएको छ । सिद्धान्तमा सम्भव होला, तर व्यवहारमा त्यसको स्वाद र प्रभाव नै अर्कै हुन्छ।
राजनीतिमा शतप्रतिशत नैतिकताको अपेक्षा गर्नु सायद व्यवहारिक हुँदैन। तर कम्तीमा राजनीति कानुनको सीमाभित्र रहोस्, संस्थागत मर्यादा कायम रहोस् र व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितले प्राथमिकता पाओस् भन्ने अपेक्षा गर्न सकिन्छ।
नैतिकताको भाषण गर्न सामाजिक सञ्जालमा सजिलो हुन्छ; तर शक्ति, स्वार्थ र राजनीतिक समीकरणबीच त्यसलाई व्यवहारमा उतार्नु नै वास्तविक चुनौती हो।



Surya Raj Acharya
x.com/SuryaRAcharya

धेरै मुलुकमा विकासको गति किन सुस्त छ ? जनता किन विपन्न छन् ?
स्रोत-साधनको अभाव मूल समस्या होइन । मूल समस्या अप्रभावकारी संस्थागत प्रबन्ध र गलत नीतिहरु हुन् । एकपटक गलत संस्था/नीतिले जरा गाडेपछि तिनलाई बदल्न कठिन हुन्छ ।

सवारी दुर्घटनामा दुई जनाको मृत्यु, सात घाइते

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा सोमबार भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन् । आँबुखैरेनी गाउँपालिका-६ डुम्रीडाँडामा बोलेरो जीप दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने व्यास नगरपालिका-१२ घाँसीकुँवामा सिमेन्ट बोकेको ट्रक दुर्घटना हुँदा चालकको ज्यान गएको छ । आँबुखैरेनी गाउँपालिका-६ डुम्रीडाँडामा सोमबार साँझ बोलेरो जीप दुर्घटना हुँदा ४७ वर्षीया इन्द्रमाया गुरूङको मृत्यु भएको छ । दुर्घटनामा छ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार बरादीबाट हिलेखर्कतर्फ जाँदै गरेको ग२च ३२६९ नम्बरको बोलेरो जीप उकालोमा पछाडि सरेर सडकबाट करिब सात मिटर तल नालीमा खसेको थियो ।

आँबुखैरेनी गाउँपालिका-६ छापस्वाराकी गुरूङलाई दुर्घटनापछि उपचारका लागि आँबुखैरेनी अस्पताल पुऱ्याइएकामा चिकित्सकले मृत घोषणा गरिएको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी गराए ।

दुर्घटनामा सोही स्थानका ४९ वर्षीय तोकबहादुर गुरूङ, २१ वर्षीया भारती गुरूङ, १४ वर्षीया अम्बिका गुरूङ, ६९ वर्षीय बकुलाल गुरूङ, ३५ वर्षीय सानो कान्छा गुरूङ र १६ वर्षीया रिश्मा गुरूङ घाइते भएका छन् । उनीहरूको आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घाइतेमध्ये केहीको अवस्था मध्यम र केहीको सामान्य रहेको बताइएको छ । बोलेरो चालक आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कका ३३ वर्षीय लक्ष्मण गुरूङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी, पृथ्वीराजमार्गअन्तर्गत व्यास नगरपालिका-१२ घाँसीकुँवामा सिमेन्ट बोकेको ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने सहचालक घाइते भएका छन् । दुर्घटनामा धादिङको सिद्धलेक गाउँपालिका-६ का करिब ३० वर्षीय सञ्जीव मगरको मृत्यु भएको प्रहरीले जनाएको छ । सहचालक प्रदीप विक घाइते भएका छन् । डुम्रेबाट दमौलीतर्फ सिमेन्ट लिएर आउँदै गरेको लु२ख १५४ नम्बरको ट्रक चालकले नियन्त्रण गुमाउँदा सडकबाट करिब २० मिटर तल खसेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरी जनाएको छ ।

जनज्योति क्याम्पसमा अभिमुखीकरण

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिकास्थित जनज्योति क्याम्पसको व्यवस्थापन अनुसन्धान समितिले बीबीएस तथा बीएड तहमा अध्ययनरत विद्यार्थीका लागि फाइनल प्रोजेक्ट वर्कसम्बन्धी तीनदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। विद्यार्थीमा अनुसन्धानसम्बन्धी सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप तथा प्राज्ञिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । अभिमुखीकरणले विद्यार्थीलाई परियोजना कार्य व्यवस्थित, वैज्ञानिक र तथ्यपरक स्वमा सम्पन्न गर्न आवश्यक अनुसन्धान पद्धतिबारे जानकारी दिइने बताइएको छ ।

कार्यक्रममा अनुसन्धान विषय छनोट, अनुसन्धान समस्याको पहिचान, अध्ययनका उद्देश्य निर्धारण,



अनुसन्धान ढाँचा तथा विधि निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, अनुसन्धान प्रतिवेदन लेखन र नतिजा प्रस्तुतिलगायत विषयमा प्रशिक्षण तथा मार्गदर्शन दिइने क्याम्पस प्रमुख केशवराज काफ्लेले जानकारी गराए।

फाइनल प्रोजेक्ट वर्कमार्फत विद्यार्थीमा विषयवस्तुको गहन अध्ययन, आलोचनात्मक चिन्तन, समस्या विश्लेषण तथा प्रमाणमा आधारित निष्कर्ष निकाल्ने क्षमता विकास गर्ने लक्ष्य राखिएको उनले बताए। क्याम्पसको व्यवस्थापन अनुसन्धान समितिले विद्यार्थीलाई अनुसन्धान प्रक्रियामा दक्ष बनाउने, मौलिक तथा व्यवस्थित अध्ययनलाई प्रोत्साहन गर्ने र अनुसन्धानमुखी शैक्षिक वातावरण निर्माण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको हो ।

तीन दिनसम्म सञ्चालन हुने अभिमुखीकरणले बीबीएस तथा बीएड तहका विद्यार्थीलाई आफ्नो परियोजना कार्य प्रभावकारी स्वमा सम्पन्न गर्न आवश्यक ज्ञान, सीप र अनुसन्धान पद्धतिबारे व्यावहारिक मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४